# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:- ८६८

मिति २०८०/१०/१४

विषयः वैठकको निर्णयहरु सार्वजनिक गरिएको वारे ।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मिति २०८०/०८/२१, ०९/०५, ०९/२३ गते र मिति २०८०/०९/२९ गतेको नगर कार्यपालिकाको वैठकका निर्णयहरुको संक्षिप्त व्यहोरा यसै साथ संलग्न गरी सार्वजनिक गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

पदमराज सेन ठकुरी
नगर प्रवक्ता

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगर कार्यपालिका वैठकवाट भएका निर्णयहरु

| वैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ९ | २०८०-०८-२१ | १ | प्रथम चौमासिक अवधिको समिक्षा सम्पन्न साथै उल्लेख्य प्रगति हासिल हुने गरी कार्य गर्न विषयगत शाखा र वडालाई निर्देशन दिने |
| | | २ | सातौ मेयर कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको प्रस्तावना अनुमोदन गर्ने |
| | | ३ | किहु आधारभूत विद्यालय भिमाद-२ को लागि रु. १ लाख विनियोजन गर्ने |
| | | ४ | भवन तथा योजना मापदण्ड, २०८० को मस्यौदा र नक्सापास सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने |
| | | ५ | सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुको अवलोकन भ्रमणको लागि वजेट स्वीकृत गरी अनुमति दिने |
| | | ६ | सिविल खानेपानी योजनाको विद्युत स्वीच प्यानल वोर्ड मर्मतको लागि ७६१००.०० (७०%) रकम विनियोजन गर्ने |
| | | ७ | योजनाको नाम संशोधन वडा नं. ३ को सि.नं. १९ |
| १० | २०८०-०९-०५ | १ | चालू आर्थिक वर्षमा नगर कार्यपालिकावाट भएका ९ वटा वैठकका निर्णयहरु छलफल एवं समिक्षा गरियो साथै कार्यान्वयन हुन वाकी निर्णयहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने |
| | | २ | चालू वर्षको हिउदे अधिवेशनमा पेश हुने खेलकुद, वन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण र नगर प्रहरी विधेयकको मस्यौदा तयारीको लागि सैद्धान्तिक सहमति दिने |
| | | ३ | गण्डकी प्रदेशको मुख्यमन्त्री नवपर्वतन साझेदारी कार्यक्रम अन्तरगत "कृषि उपजको उत्पादन तथा बजारीकरण" सम्वन्धी अवधारणा पत्र पेश गर्ने र प्र.प्र.अ.को संयोजकत्वमा आर्थिक प्रशासन र आर्थिक विकास शाखाका प्रमुख सदस्य रहने गरी ३ सदस्यीय कार्यान्वयन समिति गठन गर्ने |
| | | ४ | गण्डकी प्रदेशवाट स्वीकृत स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को परिच्छेद ३ वमोजिम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्नको लागि प्र.प्र.अ.को संयोजकत्वमा आर्थिक प्रशासन र प्रशासन शाखाका सदस्य एवं उपसचिव सदस्य सचिव रहेको समिति गठन गरी कार्यादेश दिने |
| | | ५ | मिति २०८०/०७/२२ गतेको वैठकवाट लागत सहभागितामा संचालन हुने योजनाहरु स्वीकृत गरिएकोमा २०८० पुष मसान्त भित्र सम्झौता गरिसक्ने गरी कार्य गर्ने र पुष भित्र सम्झौता नभएमा अन्य योजनामा लागत सहभागिता गर्ने |
| | | ६ | सशर्त अनुदान अन्तरगत सि.नं. १२२ को नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) को विद्युतीय चुलो कार्यक्रम संचालनमा २० प्रतिशत रकम उपभोक्ताको लागत सहभागिता गर्ने |
| | | ७ | आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ वमोजिम मूल्याङ्कन कार्यको लागि अधिकृतस्तर सातौ अजय सुवेदीलाई फोकल पर्सन तोक्ने र दफा १४ वमोजिम नगर प्रमुखको संयोजकत्वमा आर्थिक संवाद समिति गठन गर्ने |
| | | ८ | आर्थिक वर्ष २०८०/०८१ मा गण्डकी प्रदेश सरकारवाट पहलसिं पौवा जिर्णोद्वार योजना शीर्षकमा वजेट विनियोजन भइ कार्यसंचालनको लागि पौवा रहेको निर्माणस्थल रहेको जग्गामा कोही कसैवाट दावी विरोध र वाधा व्यवधान नरहेको भनी १ नं. वडावाट सिफारिस भै आए वमोजिमको व्यहोरा सिफारिस गर्ने |
| | | ९ | भिमाद नगरपालिकाको स्वास्थ्य वीमा कार्यक्रम संचालन कार्यविधि, २०८० को मस्यौदा पेश भई आगामी वैठकमा राय सुझाव उपलब्ध गराउने |
| | | १० | सि.नं. २०४ र २११ वाट रकम विनियोजनः-वडा नं. ५ साउने सेर्का जलविरे खण्ड मोटरमार्ग मर्मत, वडा नं. २ को फुलवारी मोटरमार्ग संरक्षण (शेर वहादुर सार्कीको घर नजिकै), सिद्धगुफा आमा समूह भवन निर्माण, ठुलोपधेरो खानेपानी (लागत सहभागितामा) पम्प खरिद |
| | | ११ | नगरपालिकाको स्वीकृत सि.नं. १८२ को कार्यक्रम संचालनार्थ उखु पेल्ने मेशिनको हकमा मात्र उपभोक्ताको लागत ३० प्रतिशत हुने गरी संचालन प्रकृया अगाडी वढाउने |

[illegible] ठकुरी
नगर प्रमुख

आर्थिक वर्ष २०८०/०८१ मा भिमाद नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु

| बैठक संख्या | निर्णय मिति | निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | | १२ | वडा नं. १ को डुम्रेबेशीमा रहेको खोप केन्द्र र वडा नं. ८ को साविकमा स्वास्थ्य चौकी रहेको भवनबाट हप्तामा बढीमा २ दिन वडामा कार्यरत कर्मचारीबाट नै आलोपालो मिलाई सेवा प्रवाह गर्ने, वडाले थप जनशक्ति माग नगर्ने र शुरुमा सेवा विस्तारका लागि आवश्यक कम्प्यूटर लगायतका सामाग्री नगरले उपलब्ध गराउने |
| ११ | २०८०-०९-२३ | १ | अघिल्लो बैठकका निर्णयहरुको समिक्षा |
| | | २ | जनज्योति माध्यमिक विद्यालय, भिमाद-६ को नमूना विद्यालय विकास कार्यक्रम २०८०/०८१ स्वीकृत गर्ने |
| | | ३ | समाज विकास सहयोग संस्था, नेपाललाई नगरपालिकाको ७ स्थानमा स्वास्थ्य शिविर संचालनको लागि अनुमति प्रदान गर्ने |
| | | ४ | नगर कार्यपालिका बैठकबाट विनियोजित चण्डिडाडा आमा समूह अधुरो भवन निर्माण योजना र सिद्धगुफा आमा समूह भवन निर्माण योजनाको नाम संशोधन गर्ने |
| | | ५ | स्वीकृत नगर विकास योजनाको विभिन्न शीर्षकबाट भिमाद-६, निवासी बोम बहादुर विकलाई आरनको लागि रु.२५ हजार, भिमाद-७ निवासी राम प्रसाद भण्डारीलाई विरुवा सिंचाइको लागि रु.८२३७, भिमाद-८ निवासी वेदराज अधिकारीलाई विरुवा सिंचाइको लागि रु.१८४७३, गितल प्रतिष्ठान नेपाललाई भाषा साहित्यको लागि रु.४० हजार, नेपाल कुमाल समाज भिमादलाई कुमाल जातिको राष्ट्रिय पर्व मनाउने कार्यको लागि रु. ३५ हजार विनियोजन गर्ने |
| १२ | २०८०-०९-२९ | १ | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिमको अन्तिम नतिजा सार्वजनिक गर्ने र वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ एवं स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिमको प्रारम्भिक नतिजा पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति, तनहुँमा पठाउने |

पदमराज रोल ठकुरी
नगर प्रवक्ता